मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

फोन नं. ०४१-५९१६६५
Website- mowsed.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

पत्र संख्या:- ०८३/०८४
चलानी नं. ३२९

मिति: २०८३/०६/१६

श्री कार्यालय प्रमुख
श्री जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय, जनकपुरधाम।
श्री ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन, (सबै)।
श्री भूमिगत जलस्रोत विकास केन्द्र, महोत्तरी।

**विषयः दरबन्दी घट्न गएका पदहरूमा करार कर्मचारी व्यवस्थापन/छनोट गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा मधेस प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०५/१० को निर्णयबाट स्वीकृत नयाँ संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण बमोजिम यस मन्त्रालय मातहतका साबिकका कार्यालयहरूको खारेजी तथा पुनर्संरचना भई नयाँ कार्यालयहरू स्थापना भएको व्यहोरा अवगत नै छ।

नयाँ स्वीकृत सांगठनिक ढाँचा तथा दरबन्दी तेरिज अनुसार कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र हलुका सवारी चालक पदमा साबिकको तुलनामा स्वीकृत दरबन्दी संख्या घट्न गएको छ। साबिकका कार्यालयहरूमा सेवा करारमा कार्यरत रहेका कर्मचारीहरू मध्ये घटिसकेको नयाँ दरबन्दीको सीमाभित्र रही निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी ढंगले कर्मचारी व्यवस्थापन/छनोट गर्नुपर्ने देखिएको र सोका लागि माननीय मन्त्रीस्तरको मिति २०८३/०६/१६ को निर्णयानुसार देहायका ४ (चार) वटा आधार बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

आधारः-

१. जेष्ठता (निरन्तर सेवा अवधि): साबिकका कार्यालयहरूमा कति समयदेखि निरन्तर रूपमा कार्यरत रहेको छ सोको आधार।
२. एकै परिवारका दुवै जना कार्यरत रहेकोमाः एकाघरको श्रीमान् र श्रीमती दुवै जना साबिकका कार्यालयमा करारमा कार्यरत रहेको अवस्थामा हाल नयाँ दरबन्दीमा एक जनालाई मात्र प्राथमिकता दिई बाँकी अर्को दरबन्दीमा अन्य योग्य व्यक्तिलाई अवसर प्रदान गर्ने।

मधेश प्रदेश सरकार

# ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

## जनकपुरधाम, धनुषा

फोन नं. ०४१-५९१६६५
Website- mowsed.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

पत्र संख्या:- ०८३/०८४
चलानी नं. ३२१

३. महिला समावेशिता: २ (दुई) वटा दरबन्दी रहेको कार्यालय सहयोगी पदमा सम्भव भएसम्म साबिकका महिला कर्मचारीहरू मध्ये कम्तीमा १ (एक) जना महिला अनिवार्य रहने गरी व्यवस्थापन गर्ने।

४. शहीद परिवारको सदस्य तथा फरक क्षमता भएका व्यक्तिलाई प्राथमिकता: शहीद परिवारको सदस्य रहेका वा शारीरिक रूपमा फरक क्षमता (अपाङ्गता) भएका साबिकका करार कर्मचारीहरूलाई प्राथमिकता दिने।

अतः नयाँ दरबन्दी तेरिजको सीमाभित्र रही साबिकमा कार्यरत करार कर्मचारीहरू (कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र हलुका सवारी चालक) को हकमा माथि उल्लिखित आधारहरूका आधारमा छनोट/व्यवस्थापन गरी करार सम्झौता प्रक्रिया अगाडि बढाउनुहुन निर्णयानुसार अनुरोध छ।

..............................
अन्जु कुमारी न्यौपानो
**(कानून अधिकृत)**
ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय

**बोधार्थः**

- माननीय मन्त्रीज्यूको सचिवालय, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय।
- श्री सचिवज्यूको सचिवालय, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय।